Shaheed Smriti Peer Reviewed Journal Year: 10, No.: 7, 2021

**DOI:** https://doi.org/10.3126/shaheedsmriti.v10i7.76623

# भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावली

**केशव भुसाल**

***keshabbhusal.tu@gmail.com***

**शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर**

## लेखसार

*प्रस्तुत लेख भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीको अध्ययन विश्लेषणमा आधारित रहेको छ । यस लेखअन्तर्गत नेपाली भाषाशिक्षणमा प्रयोग प्रचलनमा रहेका पारिभाषिक शब्दावलीहरूको समीक्षण गरिएको छ । प्रस्तुत अध्ययनका उद्देश्यका रूपमा भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीहरूको सङ्कलन गर्नु सङ्कलित शब्दावलीहरूलाई वर्णानुक्रममा प्रस्तुत गर्नु, पारिभाषिक शब्दावलीहरूको प्रकृति पत्ता लगाउनु र तिनको प्रयोगगत अवस्था अध्ययन गर्नु रहेका छन् । प्रस्तुत अध्ययन मिश्रित अनुसन्धानमा आधारित रहेको छ । यस अध्ययनमा मूलतः गुणात्मक अनुसन्धान र अंशतः परिमाणात्मक विधिको अवलम्बन गरिएको छ । प्रस्तुत अध्ययनमा पुस्तकालयीय अध्ययन विधिका माध्यमबाट सोद्देश्यमूलक तरिकाले सामग्रीहरूको सङ्कलन गरिएको छ । यस अध्ययनमा भाषाशिक्षणसँग सम्बन्धित पाठ्यपुस्तकहरूलाई प्राथमिक सामग्रीको रूपमा लिई अध्ययन गरिएको छ । यस क्रममा प्रवीणता प्रमाणपत्र तहदेखि स्नातकोत्तर तहसम्मका लागि लेखिएका भाषाशिक्षणका पाठ्यपुस्तकहरूलाई नै विशेष आधार बनाइएको छ । प्रस्तुत अध्ययनमा नेपाली, अंग्रेजी र हिन्दी सैद्धान्तिक सामग्रीहरूको अध्ययन गरी आवश्यक सैद्धान्तिक दृष्टिकोणको विकास गरिएको छ र त्यसका आधारमा उद्देश्यसम्बद्ध विविध पक्षहरूको विश्लेषण गरिएको छ । यस अध्ययनका आधारमा भाषाशिक्षणमा व्याकरण, भाषाविज्ञान र साहित्यसँग सम्बन्धित विभिन्न पारिभाषिक शब्दावलीको प्रयोग व्यवहार हुने गरेको, अनेकाक्षरी एवम् संज्ञामूलक शब्दहरूको अधिक प्रयोग हुने गरेको, तत्सम र आगन्तुक पारिभाषिक शब्दहरूको प्रयोग ज्यादा हुने गरेको लगायतका नवीनतम् तथ्य प्राप्त भएका छन् । प्रस्तुत अध्ययनले भाषाशिक्षणको क्षेत्रमा कार्यरत वा कार्य गर्न चाहने शिक्षक, विद्यार्थी, शोधार्थी, लेखक तथा विषय विशेषज्ञलाई यस क्षेत्रका पारिभाषिक शब्दावलीबारे आवश्यक कुराहरू अधिगत गर्न सघाउने देखिन्छ ।*

**मुख्य शब्दावली:** *भाषाशिक्षण, पारिभाषिक शब्दवली, वर्णानुक्रम ।*

## अध्ययनको परिचय

कुनै पनि भाषामा मुख्यतः दुई प्रकृतिका शब्दहरू प्रचलित हुन्छन् : सामान्यार्थक शब्द र विशिष्टार्थक शब्द । यी दुई किसिमका शब्दहरूमध्ये सामान्यार्थक शब्दहरू सर्वसाधारणले

पनि सहजै बुझ्दछन् र अत्यधिक प्रयोग व्यवहार गर्दछन् भने विशिष्टार्थक शब्दहरू प्रबुद्ध व्यक्तिहरूले बढी प्रयोग गर्दछन् । विशिष्ट शब्द वा शब्दावलीहरू जसलाई बुझ्न तिनको परिभाषा र प्रयोग सन्दर्भको आवश्यकता पर्छ, त्यस्ता शब्दावलीलाई नै पारिभाषिक शब्दावली भनिन्छ । अर्थात् परिभाषेय शब्दावलीहरू नै पारिभाषिक शब्दावली हुन् । प्राविधिक तथा पारिभाषिक शब्द अङ्ग्रेजी भाषाको टेक्निकल टर्मोलोजीको नेपाली रूपान्तर हो । नेपाली भाषामा प्राविधिक र पारिभाषिक शब्द लगभग समानार्थी शब्दका रूपमा प्रयोग हुने गरेका छन् । पारिभाषिक शब्दको सम्बन्ध परिभाषासँग र प्राविधिक शब्दको सम्बन्ध प्रविधिसँग जोडिएको भए पनि नेपाली पारिभाषिक तथा प्राविधिक शब्दावलीको तात्पर्य उस्तै हुन आइपुगेको छ । यस्ता शब्दावलीहरूले कुनै खास प्रयोग क्षेत्रको सुनिश्चित अर्थ विशेषलाई वहन गर्दछन् । पारिभाषिक शब्दहरूमा एक किसिमको प्राविधिकता रहन्छ भने प्राविधिक शब्दहरूमा पनि एक किसिमको पारिभाषिकता रहेको हुन्छ तापनि यी दुबैले विशेष प्रयोग जगत्को विशेष अर्थ बुझाउने हुँदा त्यही वैशिष्ट्यताका आधारमा यिनीहरूको पहिचान हुन पुग्छ (त्रिपाठी, २०४४) । सामान्य शब्दले पनि वाक्यमा प्रयोग हुँदा प्रसङ्ग अनुरूप एउटै अर्थ दिन्छन् तर प्रसङ्ग बाहिर तिनको अर्थमा अस्पष्टता पनि हुन सक्छ र कतिपय शब्द अनेकार्थी पनि हुन सक्छन् । सामान्य शब्द वाक्यगत परिवेशमा मात्र स्पष्ट हुन्छ भने प्राविधिक शब्द वाक्यभन्दा बाहिर सिङ्गो रूपमा स्वयम् पनि निश्चित र स्पष्ट अर्थ दिने हुन्छ (दाहाल, २०४४) । प्राविधिक शब्दावली विभिन्न श्रेणी अथवा वर्गका हुन्छन् । यिनलाई स्रोतका आधारमा तत्सम, तद्भव, आगत, देशज, संकर आदि वर्गहरूमा विभाजन गर्न सकिन्छ । रचनाको आधारमा मूल र यौगिक वर्गमा बाँड्न सकिन्छ । वर्गीकरणका अन्य आधारहरू पनि छन् तर शब्द निर्माण, अध्ययन र विश्लेषणलाई सजिलो पार्न प्रयोगको आधारमा (१) सङ्कल्पबोधक (२) वस्तुबोधक (३) शब्दको पदीय एकाइबोधकका रूपमा वर्गीकरण गर्नु उपयुक्त देखिन्छ (बर्मा, २०४४) । पारिभाषिक शब्दावली विज्ञान र प्रविधिसँग निकटतम सम्बन्ध भएको एक अनुशासन भएकाले यो यी विषयको एउटा अभिन्न अङ्ग पनि हो । यही क्षेत्रमा समाजको एक अंश पनि कार्यरत रहन्छ, जसले मुलुकको उन्नतिमा ठुलो भूमिका खेलिरहेको हुन्छ । पारिभाषिक शब्दहरूले वास्तवमा तिनै वैज्ञानिक तथा प्रविधिज्ञहरूको सेवा गरिरहेका हुन्छन् । त्यसैले प्राविधिक- पारिभाषिक शब्दहरूप्रति सामान्य शब्दहरूप्रति भन्दा भिन्नै आधारभूत सिद्धान्तहरू प्रस्तुत गरिन्छन् (अर्याल, २०४५) । प्रस्तुत अध्ययनमा नेपाली भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीहरूलाई विभिन्न लेखकहरूद्वारा निर्दिष्ट पारिभाषिक शब्दावलीसम्बन्धी सैद्धान्तिक अवधारणाका आधारमा अध्ययन विश्लेषण गरिएको छ । वस्तुतः नेपाली भाषाका शब्दहरूको बारेमा विभिन्न अध्ययन अनुसन्धान भएका भए पनि पारिभाषिक शब्दावलीका बारेमा खासै अध्ययन अनुसन्धान भएको पाइदैन । वास्तवमा भाषा वा भाषाशिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरूको बारेमा यथोचित ज्ञान ग्रहण नहुँदा व्यक्त कुराको बोध र त्यसको शिक्षण प्रभावकारी नहुने देखिन्छ । यही वस्तुतालाई हृदयङ्गम गरी प्रस्तुत अध्ययनमा भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावली, तिनको प्रकृति र प्रयोगगत स्थितिको अध्ययन विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा मिश्रित अनुसन्धान विधिको अवलम्बन गरिएको छ । वस्तुतः यो गुणात्मक अध्ययनमा आधारित रहेको भए पनि अंशत यसमा परिमाणात्मक अध्ययनका मान्यताहरूको पनि प्रयोगव्यवहार गरिएको छ । त्यसैले यसको प्रकृति मिश्रित बन्न पुगेको छ । यस अध्ययनमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । जसका आधारमा आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययन भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीको अध्ययनमा केन्द्रित रहेकाले भाषाशिक्षणसँग सम्बन्धित पाठ्यपुस्तकहरूलाई नै प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यस क्रममा प्रवीणता प्रमाणपत्रदेखि स्नातकोत्तर तहसम्मका विभिन्न लेखकहरूद्वारा लिखित भाषाशिक्षणका पाठ्यपुस्तकहरूलाई अध्ययनीय सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अध्ययनमा भाषाशिक्षणसँग सम्बन्धित विभिन्न पूरक पाठ्यपुस्तकहरू, विभिन्न शोधकार्यहरू पत्र–पत्रिकामा प्रकाशित लेख रचनाहरू, पूर्व कार्यहरू, नेपाली शब्दकोशहरू तथा विभिन्न विद्वानहरूका राय, सुझाबहरूलाई द्वितीयक वा गौण सामग्रीको ¿पमा प्रया[ग गा/एका. छ [ यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्दा निर्दिष्ट क्षेत्रका पाठ्यसामग्रीमा प्रयोग व्यवहार गरिएका पारिभाषिक शब्दहरूलाई मात्र लिइएको छ । यसो गर्दा अनावृत्त शब्दहरूको मात्र टिपोट गरिएको छ र तिनलाई वर्णानुक्रममा प्रस्तुत गरिएको छ । साथै तिनको प्रकृति, प्रकार एवम् प्रयोगगत स्थितिको समीक्षण गरिएको छ । प्रस्तुत अध्ययनमा प्राप्त तथ्याङ्कको अध्ययन विश्लेषण गर्दा चोखेन (२०३१), न्यौपाने (२०५१), शर्मा (२०५३), पराजुली (२०६१), बोरा, (१९८५), अर्याल, (२०४५) लगायतका लेखकहरूद्वारा प्रस्तुत पारिभाषिक शब्दावलीसम्बन्धी सैद्धान्तिक अवधारणाहरूको अनुप्रयोग गरिएको छ ।

## प्राप्ति

भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावली र तिनको वर्णानुक्रमगत स्थिति

नेपाली भाषाशिक्षणका क्षेत्रमा विभिन्न किसिमका पारिभाषिक शब्दावलीहरूको प्रयोग व्यवहार गरिएको पाइन्छ । यस क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरू विभिन्न स्वर तथा व्यञ्जन वर्णबाट प्रारम्भ भएको पाइन्छ र तिनको प्रयोग सन्दर्भ एवम् प्रसङ्गअनुसार विभिन्न स्थानमा भएको देखिन्छ । भाषाशिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरूलाई निम्नानुसार वर्णानुक्रममा उल्लेख गर्न सकिन्छ :

अघोष, अति अभ्यासीकरण, अति सामान्यीकरण, अर्थबोध विधि, अर्थानुसन्धान, अर्थविस्तारशीलता, अध्ययन, अध्यापन, अध्यापन अभ्यास, अध्यापन योजना, अनुकरण वाचन, अनुकल्पना, अनुकूलन, अनुक्रिया, अनुच्छेद, अनुच्छेद लेखन, अनुतान, अनुवाद विधि, अनुलेखन, अनेकार्थकता, अन्तरर्क्रिया, अन्तर्दृष्टि, अन्तर्भावना, अन्तरव्यापिता, अन्तरसम्बन्ध, अपभाषा, अभिक्षमता, अभिलेखन, अभिनय, अभिनय विधि, अभिप्राय, अभिप्रेरणा, अभिमुखीकरण, अभिलेख, अभिवृत्ति, अभिव्यक्ति, अभ्यस्त, अभ्यास, अभ्यासपुस्तिका, अल्पप्राण, अवबोधन, आंशिक श्रुति, आख्यान, आगमन विधि, आघात, आत्ममूल्याङ\कन,

Shaheed Smriti Peer Reviewed Journal Year: 10, No.: 7, 2021

आत्मसात्कण/ा, आदश }नाट\य विधि, आधा/भूत शब्दावली, आधुनिकीकण/ा, आवृत्ति, उखानटुक्का, उच्चा ,/उच्चाण/ा, उत्तरकुञ्जिका, उत्तरपुस्तिका, उत्पादनात्मक पद्धति, उत्तेजना, उत्प्रेरणा, उद्देश्य, उद्धरण, एककालिकता, एकभाषिक कक्षा, एकशब्दे वाक्य, एकाइ परीक्षा, एकाइ योजना, एकाग्रता, एकाग्र श्रुति, एकाङ्की, एकीकृत, एकीकृत कार्यक्रम, कक्षाकार्य, कण्ठस्थ, कथाकथन, कथ्य भाषा, क्रम, कार्यकलाप, कार्यक्रमबद्ध सिकाइ, कार्यपात्रो, कार्ययोजना, कार्यशाला, कार्यसम्पादन, कालक्रमिक, कोड, क्लोज परीक्षा, खण्डान्वय विधि, खण्डीय वर्ण, खण्डेत्तर वर्ण, खाली ठाउँ भर्ने प्रश्न, खुला पदावली, गति, गहन पठन, गृहकार्य, गोजीतालिका, गोष्ठी, घटनावर्णन, घटनावृत्त अभिलेख, घण्टी, चक्रीय पाठ्यक्रम, चार्ट, चिट्ठाखेल, चुम्बकीय पाटी, चेष्टा, छलफल, छलफल विधि, छनोट, जाँचसूची, जिज्ञासा, जोडा मिलाउने प्रश्न, टुक्का, टेलिग्राफिक बोली, ठीक बेठीक छुट्याउने प्रश्न, तत्परता, तस्बिर, तान्मापितापूर्ण, तालिका, तीव्र गत्यात्मकता, तुलना, त्रुटि, त्रुटि विश्लेषण, दण्ड, दृश्य  सामग्री, दैनिकी, दोस्रो भाषा, द्रुतपठन, द्विभाषिक कक्षा, द्विभाषिकता, द्विभाषिक शिक्षा, धारणा, ध्वनि, ध्वनि पहिचान, ध्वन्यात्मक विधि, नमुना अभ्यास, नाटकीकरण, नानार्थक, निगमन विधि, निदानात्मक मूल्याङ्कन, निराकरण, निराकरणात्मक शिक्षण, निरीक्षण, निर्णयात्मक मूल्याङ्कन, निर्देशित लेखन, निर्माणात्मक मूल्याङ्कन, नैसर्गिक, नैसर्गिक पद्धति, न्यून स्थिरीकरण, न्यूनीकरण, पठन, पठनकला, पठनबोध, पठनबोध विधि, पठनशीलता परीक्षण, पढाइ, पत्ती, पद्धति, परामर्श, परिचर्चा, परिशीलन, परीक्षण, परीक्षा, पर्यवेक्षण, पर्यायवाची, पहिलो भाषा, पाठक, पाठबिन्दु चयन, पाठयोजना, पाठांश, पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यभार, पाठ्यवस्तु, पाठ्यांश, पुनरावृत्ति, पुनर्ताजगी, पुनर्बल, पुनर्व्याख्या, पुरस्कार, पूरक पाठ्यपुस्तक, पूरक सामग्री, पूर्वज्ञान, पृथकीकरण, पृष्ठपोषण, प्रकार्यात्मक पद्धति, प्रतिक्रिया, प्रतिभा, प्रतिमूर्ति, प्रतिवेदन, प्रतिस्थापन, प्रतिस्पर्धा, प्रत्यक्ष विधि, प्रत्यक्षीकरण, प्रदर्शन, प्रबोधक, प्रभावक, प्रयत्न र भूल, प्रविधि, प्रवृत्ति, प्रशिक्षण, प्रश्न, प्रश्नपत्र, प्रस्तावित पद्धति, प्रस्तुतीकरण विधि, प्रेरणा, प्रोजेक्टर, प्रोत्साहन, फ्लाटिन पाटी, बहुभाषिक कक्षा, बहुभाषिकता, बहुविकल्पी प्रश्न, बुँदाटिपोट, बृहत् कक्षा, बोद्धा, बोध, बोलाइ, भाव, भाषा, भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक, भाषा पाठ्यपुस्तक विधि, भाषातत्व, भाषा नियन्त्रण विधि, भाषाशिक्षण, भाषिक मूल्याङ्कन, भाषिक सम्पादन, भाषिक सामर्थ्य, भाषिक सीप, भाषिका, मनोरञ्जन, मनोरञ्जनात्मक श्रुति, मनोवाद, मनोवादी सिद्धान्त, मनोविज्ञान, मन्त्रणा विधि, महाप्राण, मातृभाषा, मानक, मूल्याङ्कन, मौखिक जाँच, मौखिक संरचना सन्दर्भ विधि, मौनपठन, मौन विधि, यति, यादृच्छिक, यान्त्रिक लेखन, योजनाबद्ध शिक्षण, रजिस्टर, राष्ट्रभाषा, रुचिपूर्णता, रुजु सूची, ¿पक, ¿पान्तण/ा, रेखीय पाठ्यक्रम, लघुकक्षा, लय, लिखित जाँच, लेखनकला, लेखाइ, वंशानुगत, वक्ता, वक्तृता, वर्णनात्मक पद्धति, वर्णविन्यास, वर्ण विभेदीकरण, वस्तुगत प्रश्न, वाक्यपत्ती, वादविवाद, वार्तालाप, वार्षिक कार्यतालिका, विदेशी भाषा, विधा, विद्यालय पत्रिका, विधि, विनिमय, विपरीतार्थी, विविधीकरण, विशिष्ट, विशिष्ट उद्देश्य, विशिष्टीकरण तालिका, विश्लेषण, विश्लेषणात्मक श्रुति, विषयगत प्रश्न, विषमरूपी कक्षा, विषयवस्तु, विस्तरण, विस्तृतीकरण, वैधता, वैयक्तिकीकरण, व्यक्तित्व, व्यतिरेक, व्यवहारवादी सिद्धान्त,

व्याकरण विधि, व्याकरणानुवाद विधि, व्याख्यान टिपोट, व्यापन, व्यास विधि, व्युत्पादन, शब्दपत्ती, शब्दरचना, शब्दवर्ग, शब्दार्थ, शास्त्रीय भाषा, शिक्षक निर्देशिका, शिक्षक प्रशिक्षण, शिक्षक सहायक सामग्री, शिक्षण सामग्री, शिक्षार्थी, शुद्धीकरण, शृङ्खला, शैक्षणिक व्याकरण, शैली, श्रव्य सामग्री, श्रव्यदृश्य  सामग्री, श्रुतिभाषिक पद्धति, श्रुतिलेखन, श्रुतिबोध, श्रेणीमापन, श्रोता, श्यामपाटी, सङ्क्षेपण, सङ्क्षेपीकरण, संज्ञान, संज्ञानात्मक पद्धति, संयुक्त विधि, संयोजन, संवाद, संवेग, सक्रिय, सघोष, सङ्कथन, सत्र, सबलीकरण, समकालिक, समझ, समधिकता, समावेशन, समीक्षा, सम्पादन, सम्प्रेषण, सस्वरपठन, सहकार्यकलाप, सहभागिता, सादृश्य, सामान्यीकरण, सारांश, साहचर्य, सिद्धान्त, सी परीक्षण, सुनाइ, सूत्र विधि, सृजनात्मक लेखन, सेमिनार, स्तरण, स्तरीकरण, स्थानान्तरण, स्थानीय भाषा, स्थिरीकरण, स्पर्श सामग्री, स्मरण शक्ति, स्वर प्रसारण, स्वाध्यायन, स्वैरकल्पना, हस्तलेखन, हस्तान्तरण, हाउभाउ, हाजिरजवाफ, हास्यव्यङ्ग्य, हिज्जे ।

भाषाशिक्षणका क्षेत्रमा प्रचलित उल्लिखित पारिभाषिक शब्दावलीहरूलाई दृष्टिगत गर्दा यस क्षेत्रमा प्रशस्त मात्रामा पारिभाषिक शब्दावलीहरूको प्रयोग व्यवहार भएको देखिन्छ । भाषाशिक्षण प्रचलित पारिभाषिक शब्दावलीहरू यस क्षेत्रका पाठ्यपुस्तकहरूमा विभिन्न विषयशीर्षकसम्बद्ध भएर व्यवहृत भएको पाइन्छ । यस क्षेत्रका शब्दावलीहरू सम्बन्धित पाठ्यपुस्तकहरूमा कतै शीर्ष रूपमा त कतै अनुच्छेद तथा सङ्कथनभित्र प्रयुक्त भएका छन् । भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीको प्रयोग व्यवहारलाई दृष्टिगत गर्दा यस क्षेत्रमा कुल ३६७ वटा पारिभाषिक शब्दावलीहरू प्रयोग गरिएको देखिन्छ । यस क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरू भाषाशिक्षणका विभिन्न पाठ्यपुस्तकहरूमा अवृत्त भएर व्यवहृत भएका देखिन्छन् । यस क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीका अर्थ एवम् परिभाषालाई नियाल्दा अधिकांश शब्दावलीहरूको अर्थ सम्बन्धित विषय क्षेत्रमै दिइएको पाइन्छ भने कतिपय शब्दावली (जस्तै : अति अभ्यासीकरण, अर्थबोध विधि, अर्थानुसन्धान, अभिक्षमता, अभिवृत्ति, उत्पादनात्मक पद्धति, चार्ट, टेलिग्राफिक बोली, स्वैरकल्पना आदि) को अर्थ पाठ्यपुस्तकहरूमा उल्लेख गरिएको पाइदैन ।

## *भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीको प्रकृति*

भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीहरू विविध प्रकृतिका रहेका छन् । यस क्षेत्रमा प्रचलित भाषाशिक्षणसँग सम्बन्धित शब्दावलीहरू मूलतः भाषिक सीप, साहित्यिक विधा, शिक्षण विधि तथा कार्यकलाप र शिक्षण सामग्रीसँग सम्बन्धित देखिन्छन् । यसबाहेक यस क्षेत्रमा प्रचलित कतिपय पारिभाषिक शब्दावलीहरू व्याकरणिक एवम् भाषावैज्ञानिक क्षेत्रसम्बद्ध (जस्तै : अघोष, अनुतान, अल्पप्राण, आघात, उच्चार, उच्चारण, खण्डीय वर्ण, खण्डेत्तर वर्ण, गति, ध्वनि, ध्वनि पहिचान, भाषातत्व,  महाप्राण, व्युत्पादन, शब्दरचना, शब्दवर्ग, शब्दार्थ, शैक्षणिक व्याकरण, सघोष आदि) भएर व्यवहृत भएका देखिन्छन् भने कतिपय शब्दावलीहरू साहित्यसँग पनि सम्बन्धित (जस्तै : तीव्र गत्यात्मकता, प्रतिभा, शैली, संवेग, सम्पादन, स्वैरकल्पना, हास्यव्यङ्ग्य आदि) भएर देखापरेका  छन् । पदवर्गीय प्रयोग व्यवहारका कोणबाट हेर्दा यस क्षेत्रमा प्रयोग व्यवहार गरिएका शब्दावलीहरू एकाध

शब्दहरूबाहेक अधिकांश शब्दहरू नाम वा संज्ञा वर्गसँग सम्बन्धित रहेका छन् । अक्षर संरचनाका कोणबाट यस क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरूलाई नियाल्दा यस क्षेत्रमा प्रचलित शब्दावलीहरू विभिन्न अक्षरका देखापर्छन । वस्तुतः यस क्षेत्रमा प्रचलित शब्दावलीहरू एकाक्षरी (जस्तै : चार्ट, बोध, भाव, जाँच, कोड आदि), दुईअक्षरी (जस्तै : अघोष, अभ्यास, आघात, गोष्ठी, घण्टी, चेष्टा, छनोट, त्रुटि, ध्वनि, पठन, प्रश्न, बोद्धा, भाषा, लय, विधि, व्यापन, संवेग, सघोष, सत्र, समझ आदि), तीनअक्षरी (जस्तै : अध्ययन, अध्यापन, अनुच्छेद, अनुतान, अभिलेख, अभ्यस्त, अल्पप्राण, आवृत्ति, उच्चारण, उद्धरण, एकीकृत, कण्ठस्थ, जिज्ञासा, नानार्थक, निरीक्षण, परीक्षा, पुनर्बल, प्रबोधक, प्रेरणा, वक्तृता, सम्प्रेषण, सादृश्य आदि), चारअक्षरी (जस्तै : अनुकूलन, अनुक्रिया, अनुलेखन, अन्तरर्क्रिया, अन्तर्दृष्टि, अपभाषा, अभिलेखन, अभिनय, अभिप्राय, अभिवृत्ति, उत्तेजना, एकाग्रता, कक्षाकार्य, कथाकथन, कार्यपात्रो, कार्यशाला, द्रुतपठन, द्विभाषिकता, निराकरण, पठनकला, पुनर्व्याख्या, लेखनकला, वाक्यपत्ती, समावेशन आदि), पाँचअक्षरी (जस्तै : अर्थानुसन्धान, अनेकार्थकता, अन्तर्भावना, अन्तरसम्बन्ध, अभिक्षमता, अभिप्रेरणा, अभ्यासपुस्तिका, आत्ममूल्याङ्कन, उत्तरकुञ्जिका, कार्ययोजना, कार्यसम्पादन, गोजीतालिका, पर्यायवाची, पृथकीकरण, प्रत्यक्षीकरण, बहुभाषिकता, विस्तृतीकरण, सबलीकरण आदि) लगायतका रहेका छन् । जसमध्ये एकाक्षरी, दुईअक्षरी र तीनअक्षरी शब्दावलीका तुलनामा चारअक्षरी र पाँचअक्षरी शब्दावलीहरूको प्रयोग अधिक रहेको पाइन्छ । आकारका दृष्टिले यस क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरूलाई हेर्दा अधिकांश पारिभाषिक शब्दावलीहरू; ङ\क्षिप्त प्रकृतिका नछ {न \यद्यपि कतिपय पा/िभाषिक शब्दावलीह¿ भने लामा–लामा पनि व्यवहृत देखिन्छन् । भाषाशिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरूलाई स्वरवर्ण र व्यञ्जन वर्णका कोणबाट हेर्दा यस क्षेत्रमा स्वर वर्णबाट प्रारम्भ भएका पारिभाषिक शब्दावलीहरू ७१ वटा र व्यञ्जन वर्णवाट आरम्भ भएका शब्दावलीहरू २९६ वटा रहेका छन् । यसलाई आधार मानेर हेर्दा भाषाशिक्षणका क्षेत्रमा स्वर वर्णबाट आरम्भ भएका शब्दावलीहरूभन्दा व्यञ्जन वर्णबाट प्रारम्भ भएका शब्दावलीहरूको सङ्ख्या अत्यधिक देख्न सकिन्छ । त्यसैगरी स्वर र व्यञ्जन वर्णबाट प्रारम्भ भएका पारिभाषिक शब्दावलीहरूमध्ये कुन स्वर वा वर्णबाट प्रारम्भ भएका शब्दहरू बढी छन् भनी विश्लेषण गर्दा अ, प, व, स वर्णबाट प्रारम्भ भएका पारिभाषिक शब्दावलीहरू धेरे देखिन्छन् । शब्दस्रोतका कोणबाट हेर्दा यस क्षेत्रमा तद्भव शब्दहरूका तुलनामा तत्सम र आगन्तुक पारिभाषिक शब्दावलीहरूको प्रयोग नै बढी देख्न सकिन्छ । यसप्रकार भाषाशिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरू विभिन्न क्षेत्रका, विभिन्न वर्गका, विभिन्न अक्षरका, विभिन्न आकारका, विभिन्न वर्णका तथा विभिन्न स्रोतका रहेका छन् ।

**व्याख्या-विश्लेषण**

नेपाली भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावली, तिनको वर्णानुक्रमिक स्थिति, प्रकृति, स्वरूप, वर्ग, अक्षराकार, स्रोत आदिको अध्ययनका आधारमा हेर्दा यस क्षेत्रमा प्रयुक्त

पारिभाषिक शब्दावलीसम्बन्धी विभिन्न विश्लेष्य तथ्यहरू प्राप्त भएका छन् वस्तुतः भाषाशिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरू सामान्यभन्दा विशिश्ट हुनुपर्ने सैद्धान्तिक मान्यताअनुरूप नै यस क्षेत्रमा प्रचलनमा रहेका शब्दावलीहरू विशिष्ट प्रकृतिका देखिन्छन् । पारिभाषिक शब्दावलीहरूको प्रयोग व्यवहार एवम् बोध मूलतः प्रबुद्ध व्यक्तिहरूबाट हुने मान्यताबमोजिम यस क्षेत्रका शब्दावलीहरू सामान्य पाठक वा जनमानसका लागि जटिल एवम् दुर्बोध्य रहेका छन् । यस क्षेत्रमा व्यवहृत पारिभाषिक शब्दावलीहरूको बोधार्थ निश्चित व्याख्या वा परिभाषा आवश्यक पर्ने हुन्छ । अर्थात् पारिभाषिक शब्दावलीहरू विशेष प्रयोग जगत्निबद्ध भएर व्यवहृत हुने हुन्छन् । यस आधारमा हेर्दा भाषाशिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरू सन्दर्भ वा प्रसङ्गानुसार अर्थिने प्रकृतिका रहेका छन् । सैद्धान्तिक मान्यताअनुसार पारिभाषिक शब्दावलीहरू कुनै खास स्रोत र वर्गका हुन्छन् । यस कोणबाट हेर्दा भाषाशिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीहरू तत्सम, तद्भव र आगन्तुक स्रोतका रहेका छन् । त्यस्तै स्वरूप, आकार, अक्षर र क्षेत्रका दृष्टिले पनि पारिभाषिक शब्दावलीमा विविधता देखापर्ने मान्यताबमोजिम नै यस क्षेत्रका शब्दावलीहरूमा पनि विविधता देख्न सकिन्छ । पारिभाषिक शब्दावलीहरू सङ्क्षिप्त हुनुपर्ने सैद्धान्तिक अवधारणाअनुरूप यस क्षेत्रका अधिकांश शब्दावलीहरू देखापरेका भए पनि कतिपय शब्दावलीहरू भने निकै लामालामा (जस्तै :अति अभ्यासीकरण, उत्पादनात्मक पद्धति, एकभाषिक कक्षा, एकीकृत कार्यक्रम, कार्यक्रमबद्ध सिकाइ, निराकरणात्मक शिक्षण, न्यून स्थिरीकरण, प्रकार्यात्मक पद्धति, भाषा पाठ्यपुस्तक विधि, मनोरञ्जनात्मक श्रुति, वार्षिक कार्यतालिका, शिक्षक सहायक सामग्री, संज्ञानात्मक पद्धति, सृजनात्मक लेखन आदि) पनि देखिएका छन् । समग्रतः नेपाली भाषाशिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरू एकाध स्थितिबाहेक पारिभाषिक शब्दावलीको सैद्धान्तिक मान्यताअनरुप नै व्यवहृत भएका देखिन्छन् ।

## निष्कर्ष

भाषाशिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरूको अध्ययनका आधारमा अवेक्षण गर्दा यस क्षेत्रमा प्रशस्त मात्रामा पारिभाषिक शब्दावलीहरूको प्रयोग व्यवहार भएको देखिन्छ । यस क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरूको कुल सङ्ख्या ३६७ रहेको छ र ती शब्दावलीहरू पाठ्यपुस्तकहरूमा कतै शीर्ष रूपमा त कतै अनुच्छेद तथा सङ्कथनान्तरिक भएर प्रयुक्त भएका छन् । यस क्षेत्रका कतिपय पारिभाषिक शब्दावलीहरू व्याकरण, भाषाविज्ञान तथा साहित्यसँग सम्बन्धित छन् भने कतिपय शब्दावलीहरू शिक्षण विधि र कार्यकलाप तथा शिक्षण सामग्रीसँग सम्बन्धित रहेका छन् । भाषाशिक्षणका धेरैजसो पाठ्यसामग्रीहरूमा पारिभाषिक शब्दावलीहरूको पुनरावृत्ति देखिन्छ । पदवर्गका दृष्टिले यस क्षेत्रका पारिभाषिक शब्दावलीहरू मूलतः संज्ञामूलक रहेका छन् भने अक्षर संरचनाका हिसाबले अनेकाक्षरी शब्दावलीहरू व्यवहृत भएका छन् । जसमध्ये एकाक्षरी, दुईअक्षरी शब्दका तुलनामा चारअक्षरी र पाँचअक्षरी पारिभाषिक शब्दावलीहरूको प्रयोग बढी देखिन्छ । यस क्षेत्रमा प्रचलित अधिकांश पारिभाषिक शब्दावलीहरू सङ्क्षिप्त प्रकृतिका नै रहेका छन् । भाषाशिक्षणका क्षेत्रमा प्रचलित एउटै पारिभाषिक शब्दावलीको अर्थ तथा परिभाषा विभिन्न

लेखकका पाठ्यसामग्रीमा भिन्न–भिन्न तवरले दिएको पाइए पनि मूलार्थमा भने भिन्नता देखिँदैन । यस क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरू स्वर वर्णबाट प्रारम्भ भएका ७१ वटा र व्यञ्जन वर्णबाट प्रारम्भ भएका २९६ वटा रहेका छन् । यस क्षेत्रमा प्रचलित अधिकांश पारिभाषिक शब्दावलीहरू तत्सम र आगन्तुक स्रोतनिबद्ध रहेका देखिन्छन् । समग्रतः भाषाशिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीहरू अनेक प्रकृतिका देखापर्छन् । यस क्षेत्रका पारिभाषिक शब्दावलीहरूले सम्बन्धित क्षेत्रमा आएर महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । भाषाशैक्षणिक सन्दर्भ बोध र व्याख्यार्थ यसबारे आवश्यक जानकारी हासिल गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हे. रा. (२०५०), नेपाली भाषाशिक्षण, काठमाडौं : कुञ्जल प्रकाशन ।

अधिकारी हे. रा. (२०६३), भाषाशिक्षण केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, ब. (२०४५), पारिभाषिक शब्दावली, केही आधारभूत सिद्धान्तहरू, गरिमा, ६ (८), ७०-७३ ।

चोखेन (२०३१), शब्दरचना र वर्णविन्यास, काठमाडौं : प्र.स्था.न. ।

ढकाल, शा. प्र. (२०६४), नेपाली भाषाशिक्षण : परिचय र प्रयोग, काठमाडौं : मनकामना बुक्स एण्ड स्टेशनरी ।

ढुङ्गेल, भो. रा. र दाहाल, दु. प्र. (२०६३), परिचयात्मक नेपाली भाषाशिक्षण, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

त्रिपाठी, वा. (२०४४), प्राविधिक शब्दावलीको निर्माण प्रक्रिया, कोशविज्ञान कार्यशाला, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दाहाल, ब. म. (२०४४) प्राविधिक शब्दावली र लिप्यन्तरण, कोशविज्ञान कार्यशाला, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, कृ. प. (२०५१), व्याकरण कुसुम, काठमाडौं : हिसी अफसेट प्रेस ।

पराजुली, कृ. प्र. (२०६१), राम्रो रचना मीठो नेपाली, काठमाडौं : रत्न पुस्तक भण्डार ।

पौडेल, ब. रा. र मल्लिक, वी. कु. (मि.न.) वीरेन्द्रकुमार मल्लिक, भाषाशिक्षण, काठमाडौं : प्र.स्था.न.।

बन्धु, चु. म. (२०५२), आधारभूत प्राविधिक शब्दावली, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बोरा, रा. म. (१९८५), अर्थानुसन्धान, नई दिल्ली : वाणी प्रकाशन ।

रिमाल, डि. रा., (२०५७), नेपाली शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, या. प्र. (२०६२), नेपाली भाषाशिक्षण परिचय, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वर्मा, यु. पी. (२०४४) प्राविधिक शब्द र यसको प्रकृति, कोशविज्ञान कार्यशाला, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, के. र पौडेल, मा. प्र. (२०६०), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मो. रा. (२०५३), शब्दरचना र वर्णविन्यास : वाक्यतत्व, अभिव्यक्ति र पाठह¿, काठमाडौं : नवीन प्रकाशन ।

सिगुरा र साथीहरू (२०३९), केही राजनैतिक शब्द परिचय, काठमाडौं : राजनैतिक शब्दकोश प्रकाशन समिति ।